*'परिवर्तन सम्भव छ'*
*'युवा हाम्रो काँधमा नयाँ नेपालको जिम्मेवारी'*

# नेपाल युवा सामाजिक मञ्च - २०६५, विराटनगर

२०६५ पुस १५ र १६, सरस्वती उच्च माध्यमिक विद्यालय, जानकीपथ, विराटनगर

## विराटनगर युवा घोषणापत्र

हालसम्मका सबै परिवर्तन युवाका कारण संभव भएको सत्यतालाई आत्मसात गर्दै,
इतिहास परिवर्तनमा युवाले खेल्दै आएको भुमिकालाई सम्मान गर्दै,
युवाले खाका कोरेको न्यायपुर्ण, शान्त र समृद्ध नयाँ नेपाल निर्माण गर्ने दृढ प्रतिवद्धता पुनः दोहोऱ्याउदै,
परिवर्तन सम्भव छ, त्यो परिवर्तन युवाबाट मात्र सम्भव छ र हामी महत्वपुर्ण इतिहासलाई निरन्तरता दिने प्रकृयामा अगाडी बढिरहेका छौं भन्ने हाम्रो देशप्रतिको दायित्वलाई स्मरण गर्दै,
देशका पचास जिल्लाबाट भेला भएका हामी दश हजार युवाहरुले विराटनगर घोषणापत्र जारी गर्दछौं ।

**हामी युवाका साझा सवाल**

1= युवाहरुलाई वर्तमान अवस्थामा परिचय, पँहुच र प्रतिनिधित्व (३प) चाहिएको छ । राज्यले कानुन, नीति तथा कार्यक्रम मार्फत युवाहरुको वास्तविक परिचय, राज्य संयन्त्रमा समान पहुँच र राज्य तथा राजनैतिक दलहरुका सबै तह र निकायमा सम्मानजनक प्रतिनिधित्व सुनिश्चित गरिनु पर्दछ ।

2= युवाहरु परिवर्तनका वाहक मात्र होइनन्, उनीहरु विकासका साझेदार पनि हुन् । त्यसैले युवाहरुलाई नेतृत्वको घोडा बनाउने सँस्कारको अन्त्य गरी, निर्णय तहमा योग्यता र क्षमताका आधारमा सहभागिताको सुनिश्चित गरिनु पर्दछ ।

3= देश वर्तमान अवस्थामा संविधान लेखन प्रकृयामा अगाडी बढिरहेको छ । नयाँ संविधानमा युवाका साझा सवाललाई पनि समावेश गर्न ग्रामिण तहदेखि राष्ट्रिय तहसम्म युवा समुदायसँग छुट्टै र विशेष परामर्शको व्यवस्था संविधान सभा र विभिन्न समितीहरुले गर्नु पर्दछ ।

4= राष्ट्रिय युवा नीति निर्माणमा सबै क्षेत्र, तह, वर्ग, लिङ्ग, जातजातिका युवाहरुका सवालहरु समेट्नकालागि सबै जिल्लाहरुमा छलफल बहस शुरुवात गरिनु पर्दछ । राष्ट्रिय युवा नीति निर्माणमा नागरिक समाजसँगको नियमित अन्तर्क्रिया आवश्यक छ । नागरिक समाज समेतको सहकार्यमा राष्ट्रिय युवा नीति तत्काल निर्माण गरी चाडो भन्दा चाडो कार्यान्वयन गरिनु पर्दछ ।

5= सशस्त्र द्वन्द्व र विभिन्न प्रकारका हिंसाबाट पीडित युवाहरुको पुनर्स्थापना तथा पुनर्मिलन प्रकृयाका लागि राज्यले प्रभावकारी र विशेष कार्यक्रम तत्काल शुरुवात गरिनु पर्दछ ।

6= १६ वर्ष उमेरमा नागरिकता प्राप्तिसँगै मतदानको अधिकार, उम्मेदवार हुने अधिकार तथा राज्यका सबै निकाय र अंगमा नियुक्ति हुन योग्य हुन सक्ने अधिकारलाई संबैधानिक व्यवस्था गरिनु पर्दछ ।

7= शिक्षा, रोजगार, सुचना प्रविधिमाथिको पहुँच, एचआइभी, जीवन उपयोगी सीप लगायतका युवाका साझा सवालहरुको पहिचान तथा उनीहरुको क्षेत्रगत रुपमा प्राथमिकता तय गरी कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनु पर्दछ ।

8= बेरोजगार युवाहरुलाई रोजगारको सुनिश्चितताका लागि वर्तमान शिक्षा प्रणालीमा तत्काल परिवर्तन गरी व्यावसायिक र व्यावहारिक शिक्षा प्रणाली लागु गरिनु पर्दछ ।

9= युवा शिर्षकमा राष्ट्रको कुल बजेटको न्युनतम पाँच प्रतिशत बजेट विनियोजन गरिनु पर्दछ । यसरी विभाजित बजेट युवा विकासका काममा मात्र खर्च गरिनु पर्दछ ।

राज्य पुनर्संरचना, संविधानसभा र नागरिकका जनजिविकाका सवाल

10= नीति निर्माणमा युवाहरुको समान सहभागिता सुनिश्चित गर्न र दलहरुमा पुर्ण लोकतान्त्रिक अभ्यासका लागि राजनैतिक दलका स्थानिय निकायदेखि केन्द्रसम्म पार्टी पुनर्संरचना गरिनु पर्दछ ।

11= राज्य पुनर्संरचना र संघियताका सम्वन्धमा राजनैतिक दलहरुको स्पष्ट अवधारणा आउन सकेको छैन । आम जनतामा वहस, छलफल र अन्तर्कृया हुन सकेको छैन । संघ निर्माणका आधार तय गर्न, प्राकृतिक स्रोत साधनको विभाजन र संघिय राज्यहरुको विभाजनका सम्वन्धमा सर्वस्वीकार्य आधारहरु तयार गर्न राजनीतिक दलहरुको स्पष्ट दृष्टिकोण आउनु पर्दछ । संघियताका सम्वन्धमा संविधान सभाका सभासदहरुको भुमिका विवाद सृजना गर्ने नभई सहजीकरण गर्ने हुनु पर्दछ ।

12= जात, वर्ग, क्षेत्र, लिङ्ग, उमेर लगायतका सामाजिक साँस्कृतिक संरचनाका आधारमा गरिदै आएका सवै प्रकारका विभेद, अन्याय, असमानता र हिंसाको अन्त्यका लागि सामुहिक र बृहत ऐक्यबद्धता अभियानको सृजना गरिनु पर्दछ । कुनै पनि सवाल कुनै निश्चित समुह वा क्षेत्रको मात्र हुन सक्दैन, सबै सवालहरुमा सम्पुर्ण नेपाली नागरिकहरुको सामुहिक र बृहत ऐक्यबद्धता अभियानमा सहभागिता हुनु पर्दछ । यसबाट मात्र मानव अधिकार, सामाजिक न्याय, शान्ति, सम्मान र समानता सम्भव छ ।

13= देशमा सुशासनको अवस्था अत्यन्त कमजोर छ । नागरिक सुरक्षाको अवस्था खस्कदो छ । सामाजिक सुरक्षा राज्यको प्रमुखतामा रहन सकेको छैन । शुसासन, नागरिक तथा सामाजिक सुरक्षाका लागि राज्यले तत्काल प्रभावकारी नीति तयार गर्नु पर्दछ । यसबाट मात्र जनउत्तरदायी राज्यका आधार तयार हुन सक्दछ ।

14= नयाँ संविधानमा मुस्लिम, पिछडा वर्ग तथा अल्पसंख्यकहरुको समेत सवालहरुलाई समावेश गर्नका लागि विशेष समुह, समुदाय र वर्गका नागरिकहरुसँग विशेष प्रकारका परामर्शको व्यवस्था गरिनु पर्दछ । संविधान लेखनलाई सहभागितामुलक बनाउन सम्वन्धित समुदायका नागरिकका अगुवाईमा नागरिक वहशको श्रृंखला संचालन गर्न संविधान सभाले सहजीकरण गर्नु पर्दछ ।

15= बैदेशिक सहयोग अधिकार हो, यो कसैको दान होइन । सहयोग निशर्त हुनु पर्दछ । बैदेशिक सहयोगसँगै कसैले पनि आफ्नो विचार लाद्न पाँइदैन । हरेक बैदेशिक सहयोगहरुको नियमित र व्यवस्थित अनुगमन मुल्यांकन गर्ने परिपाटीका लागि सञ्चार, नागरिक समाज र युवाहरुले नियमित निगरानी र सार्वजनिकीकरणका लागि उपयुक्त संयन्त्रको व्यवस्था गरिनु पर्दछ ।

16= भ्रष्टाचारलाई निरुत्साहित गर्न, राज्यका विभिन्न पदमा रहेका व्यक्तिहरुलाई जनताप्रति जवाफदेही वनाउन सुचना ऐनले प्रत्याभुत गरेको नागरिकको सुचना सम्वन्धि हकलाई व्यवहारमा लागु गरिनु पर्दछ । राज्यका सबै अंग र निकायका काम कार्यवाहीलाई पारदर्शी वनाउन निर्णय, कार्यक्रम र बजेटका सम्वन्धमा जनविश्वासिलो सार्वजनिक लेखा परिक्षण गरिनु पर्दछ ।

17= देशका महत्वपुर्ण पदधारण गर्नासाथ देशका मन्त्री, सभासद, विभिन्न समिति, संवैधानिक निकायहरुमा पद धारण गर्ने व्यक्ति, उच्च पदस्थ कर्मचारीहरुले लिने गरिएको अत्यन्त खर्चिलो थप सेवा सुविधा, सर्वसाधारण नागरिक भन्दा फरक देखाउन चाहने सामन्ती संस्कार र जनताको मत पाएर विजयी हुनासाथ विलासी जीवन विताउनु पर्ने नेतृत्व व्यवहारको अन्त्य गर्न राजनीतिक दलहरु र सार्वजनिक पदधारण गर्नेहरुको सार्वजनिक प्रतिवद्धता आउनु पर्दछ । यी व्यवहारले लोकतन्त्र कमजोर बनाउदँछ ।

18= बेरोजगारी समस्याको दिर्घकालिन समाधानका लागि जल, जंगल र जमीन : युवाको अधिन भन्ने मान्यतालाई अंगीकार गर्दै प्राकृतिक स्रोतको अधिकतम सदुपयोग गरी युवाहरुका लागि रोजगारी सृजना गरिनु पर्दछ ।

**अन्त्यमा,**

यो घोषणापत्र समग्र राज्य र युवाप्रति केन्द्रित छ । यो विषयलाई सरकार, राजनीतिक दल, नागरिक समाज र सरोकारवालाहरुले प्राथमिकताका साथ कार्यान्वयनका लागि पहल गर्न नेपाल युवा सामाजिक मञ्च - २०६५, विराटनगर जोडदार माग गर्दछ ।